# ३ के अय्यूबले परमेश्वरलाई सित्तैमा सेवा गर्छन् त?

*__यस अध्यायका मूल पदहरू:__* अय्यूब १, अय्यूब २, १ कोरन्थी ४:९, उत्पत्ति ३:१-८, फिलिप्पी ४:११-१३, मत्ती ४:१-११ र फिलिप्पी २:५-८।

*__यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:__* "अय्यूबले आफ्नो श्रीमतीलाई जवाफ दिए, 'मूर्ख स्त्री जस्तो तिमी कस्तो कुरा गर्छ्यौ। असल कुराहरू हामी परमेश्वरबाट लिँन्छौं। जब उहाँले हामीलाई दुःखकष्ट पठाउनुहुन्छ तब त्यो पनि हामीले लिन सक्नुपर्छ।' जतिसुकै दुःखकष्ट भोग्नुपरेतापनि अय्यूबले यस्तो केही भनेन् जुन् पापपूर्ण थियो।" (अय्यूब २:१० रूपान्तरित)।

मानव जीवनले दुःखकष्ट किन भोगिरहनुपरेको छ त्यसको यथार्थतालाई नयाँ तरिकाले बुझाउन खोज्दै अय्यूबको पुस्तक सुरू हुन्छ। येशू ख्रीष्ट र शैतानको बीचमा भइरहेको द्वन्दलाई त्यस पुस्तकले हामीलाई बुझाउन खोज्दछ। उपरोक्त आत्मज्ञानलाई स्वीकार गर्न सकियो भने हामी रहेको यस संसारको बारेमा अन्यौलता र आतङ्कित बनिरहेको वातावरणलाई अझ राम्रोसँग बुझाउन हामीलाई सहयोग गर्दछ। त्यो महान् बिवादको युद्ध कुनै व्यक्ति व्यक्तिको बीचमा भएको र हामीसँग केही सरोकार छैन भनेर अय्यूबको पुस्तकले देखाउँदैन। त्यो मात्र भएको भए ठिकै हुन्थ्यो होला, तर दुर्भाग्यवस येशू र शैतानको बीचमा भइरहेको युद्धमा हामी पनि मुछिरहेका हुन्छौंः "पृथ्वी र समुद्रले कस्तो भयानक कष्ट भोग्नुपर्नेछ! किनभने शैतान तिमीहरूकहाँ आएको छ। ऊ रिसले धेरै तातिएको छ। उसको समय थोरै छ भनेर उसलाई थाहा छ।'" (प्रकाश १२:१२ रूपान्तरित) (१२ यसकारण हे स्वर्गमा रहनेहरू, तिमीहरू रमाओ। तर पृथ्वी र समुद्रलाई धिक्कार छ! किनभने आफ्नो समय अल्प छ भनी थाहा पाएर दियाबलस ठूलो क्रोधसाथ तिमीहरूकहाँ तल आएको छ।" नेपाल बाइबल सोसाइटीको अनुवाद)। यस पृथ्वी र समुद्रलाई आतङ्कित पार्न शैतान झरेको छ। हामीहरूकै व्यक्तिगत जीवनमा हामीलाई थाहा छ कि शैतानको रिस कस्तो कडा छ। यस संसारको मानव जीवनमा हामीमध्ये को नहोला जसले उसको क्रोधको आभास् नपाएको?

अय्यूबको पुस्तकको प्रथम् दुई अध्यायमा परमेश्वर र शैतानको बीचमा उम्लिरहेको महान् विवादको युद्ध र त्यसमा हामी कसरी संलघ्न भइरहेका छौं भनेर निरन्तररूपमा बुझ्न यस अध्यायमा नियाल्न खोज्नेछौं।

## १ परमेश्वरको सेवक (अय्यूब १)

अय्यूब एक अध्याय ध्यानपूर्वक पढ्नुहोस्। अय्यूबको खिलाफमा शैतानले लगाएको आरोपलाई नियाल्नुहोस्। शैतानले परमेश्वरको सामु अय्यूबको बारेमा के गुनासो गरिरहेको छ? अय्यूबप्रति शैतानले लिएको आक्रमक नितिले उसको मनस्थितिलाई कसरी उघारेको छ? यथार्थमा शैतानले कसलाई आक्रमण गरिरहेको छ?

हेर्नुहोस्: "१ ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे। २ तिनका सात छोरा र तीन छोरी थिए। ३ तिनका सात हजार भेड़ा, तीन हजार ऊँट, पाँच सय हल गोरु र पाँच सय गधाबाहेक धेरै कमारा-कमारीहरू पनि थिए। पूर्वका सबै मानिसहरूमध्ये अय्यूब सबैभन्दा महान् थिए। ४ तिनका छोराहरूले पालैसित आफ्नो घरमा भोज राख्थे र आफ्ना तीन बहिनीहरूलाई खानपिनका लागि आफ्ना तीन बहिनीलाई निम्त्याउँथे। ५ भोज दिने क्रम सिद्धिएपछि अय्यूबले आफ्ना छोराछोरीहरूलाई बोलाएर शुद्ध बनाउने गर्थे। तिनी बिहान सबेरै उठी तिनीहरू प्रत्येकको निम्ति यो विचारले एउटा-एउटा होमबलि चढाउथे, “शायद मेरा छोराछोरीले पाप गरे होलान् र परमेश्वरलाई आफ्ना हृदयमा सरापे होलान्।” अय्यूब सधैं यसै गर्थे। ६ एक दिन स्वर्गsf दूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि तिनीहरूसँग आयो। ७ परमप्रभुले शैतानलाई सोध्नुभयो, “तिमी कहाँबाट आयौ?” त्यसले भन्यो, “पृथ्वीमा चारैतिर घुमफिर गर्दै आएको हुँ।” ८ तब परमप्रभुले शैतानलाई सोध्नुभयो, “के तिमीले मेरो दास अय्यूबलाई याद गर्‍यौ? परमेश्वरको डर राख्ने र दुष्ट कामबाट अलग रहने त्यो जस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन।” ९ शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, “अय्यूबले त्यसै परमेश्वरको डर राखेका हुन् त?” १० के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन्। ११ तर आफ्नो हात

पसारेर तिनका सबै चीजमाथि प्रहार गर्नुहोस्, र तिनले तपाईंलाई तपाईंकै मुखको सामुन्ने सराप्नेछन्।" १२ तब परमप्रभुले शैतानलाई भन्नुभयो, लौ त, त्यसकहाँ जे-जति छन्, सबै तिम्रै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो। १३ एक दिन अय्यूबका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपिन गर्दैथिए। १४ एउटा समाचारवाहक कुदेर अय्यूबकहाँ आएर भन्यो, १५ "गोरुहरू जोतिरहेका र गधाहरू तिनीहरूका नजिकै चरिरहेकै बेला शबीहरूले गोठालाहरूलाई आक्रमण गरेर मारे, र ती सबै लगे। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" १६ त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, "परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।" १७ त्यो बोल्दाबोल्दै अर्को एक जना आएर भन्यो, "कल्दीहरूले छापा मार्ने तीन दल बनाए र तपाईंका ऊँटहरू आक्रमण गरी लगे। तिनीहरूले नोकरहरूलाई मारे र तपाईंलाई समाचार दिनलाई म मात्र उम्कें।" १८ त्यो मानिस बोल्दाबोल्दै एक जना आइपुग्यो र भन्यो, "तपाईंका छोराछोरीहरू आफ्ना जेठा दाजुको घरमा खानपान गर्दैथिए। १९ त्यसै बेला मरुभूमिबाट अचानक आँधीबेहरी आएर घरको चारै कुनामा हान्यो र त्यो घर ती जवान मानिसहरूमाथि ढलेर तिनीहरू सबैलाई थिचेर मार्‍यो। अनि समाचार दिन म मात्र उम्कें।" २० यो सुनेर अय्यूब उठे, र तिनले आफ्नो लुगा च्याते। तिनले आफ्नो कपाल खौरे, २१ र भूइँमा घोप्टो परेर दण्डवत् गरी भने, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आए, अनि म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्।" २२ यी सबै कुरामा अय्यूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्।"

**"के तपाईंले अय्यूब र उनको परिवारलाई सुरक्षा गर्नुभएको छैन र? उनीसँग भएको सबै थोकको सम्भार के तपाईंले गर्नुभएको छैन र? उनले जे गरे तपाईंले त्यसलाई आशिष दिनुभएको छ। उनका गाईबस्तुहरू देशभरि फेलिएका छन्।"(अय्यूब १:१० रूपान्तरित)। अय्यूबको सिद्ध चरित्र, उनीसँग भएको धनसम्पत्तिहरू र ठूलो परिवारलाई औंल्याउँदै अय्यूबको पुस्तक सुरू हुन्छ। सबै थोकहरूमा सम्पन्न भएकोले नै उनी पूर्वी देशको सबभन्दा अत्यन्त आदरणीय व्यक्ति हुन पुगेका थिए (अय्यूब १:३)। सम्पन्न परिवार र भौतिक सम्पत्तिको हिसाब दिएर परमेश्वरको मुख अगाडि अय्यूबको बफादारिताप्रति**

शैतानले प्रश्न गर्दछ। परमेश्वरले अय्यूबलाई महान् बनाएको कारणले नै उनले उहाँको सेवा गर्दछन् भनेर शैतानले दावी गर्छ अर्थात् परमेश्वरले दिने कुराको प्रलोभनमा परेको कारणले नै अय्यूब परमेश्वरलाई विश्वास गर्न पुगेका हुन् भनेर शैतानले उनको आलोचना गर्छ।

यदि परमेश्वरले अय्यूबसँग भएका सबै थोकहरूलाई ध्वस्त पारे उहाँकै मुखको सामुन्ने उहाँलाई श्राप दिनेछन् भनेर शैतानले उहाँलाई चुनौति दिँन्छ (अय्यूब १:११)। शैतानको चुनौतिले अय्यूबप्रति उसको नियतलाई उदाङ्ग पार्दछ। अय्यूबप्रति गरेको आक्रमण यथार्थमा परमेश्वरकै बिरुद्धमा आक्रमक निति शैतानको रहेको प्रमाणित हुन्छ (साँच्चिकै भनौं भने त्यस दृष्यले मानव जीवनको पर्दा पछाडि परमेश्वर र शैतानको बीचमा भइरहेको महान् कचकचको पर्दालाई उघार्दछ)। अय्यूबको निम्ति परमेश्वर अत्यन्त असल हुनुभएको थियो भने, उहाँ उनको निम्ति अचम्म हुनुभएको थियो भने, उनलाई सबै थोकले सम्पन्न गराउनुभएको थियो भने उहाँको उपासना गर्नु, प्रेम गर्नु, उहाँको यश गाउनु र उहाँको भय मान्नु स्वभाविकै हुन्छ, किनभने त्यत्तिका आशिष पाउने व्यक्तिले परमेश्वरको प्रसंशा नगरे कसको गर्छ र? स्पष्ट रूपमा भन्ने हो भने अय्यूबले परमेश्वरप्रति बफादारी होस् भनेर नै उहाँले उनलाई घुस खुवाउनुभएको थियो भनेर शैतानले जिकिर गरेको थियो। अर्थात्, अय्यूबले परमेश्वरको सेवा त्यसकारण गर्दछन् उहाँप्रति प्रेमले डोऱ्याएर होइन बरू उहाँबाट उनले के पाउला भनेर स्वार्थी कारणले हो भनेर शैतानले दावी गर्छन्। (नेपालमा येशूलाई विश्वास गर्ने कतिपय विश्वासीहरूलाई भाते क्रिश्चियन हुन् भन्ने जनमानसले आरोप गरेको जस्तै शैतानले अय्यूब पनि परमेश्वरको भाते उपासक हो भनेर परमेश्वरको मुखमा धुलो छ्यापिएको जस्तै आफ्नो धारणालाई प्रस्तुत गर्दछ-अनुवादकको टिप्पणी)।

मानव परिप्रेक्ष्यमा हेर्दा यस संसारका कतिपय शासकहरूको बारेमा चिन्तन गर्न सक्छौं। तिनीहरू जतिपनि क्रुर र घृणित भएतापनि तिनीहरूका बफादारी मित्रहरू हुन्छन् जो तिनीहरूको निम्ति ज्यान दिन तयार भएका हुन्छन् किनभने ती शासकहरूले तिनीहरूको भलो गरेका थिए। यदि परमेश्वर साँच्चिकै प्रेमिलो, दयालु, स्याहार गर्ने र करुणामय हुनुभएको थियो भने जे पाएतापनि नपाएतापनि अय्यूबले उहाँको स्वःत सेवा गर्ने थिए। तर यदि अय्यूबको सम्पत्तिको हरण गरियो भने उनी परमेश्वरप्रति बफादार हुनेछैन र उहाँमा उनले भरोसा राख्न र विश्वास गर्न छोड्नेछन् किनभने परमेश्वरबाट धन पाएकोले नै

**उहाँको भक्त हुनपुगेको हो भनेर शैतानले अय्यूबको खिलाफमा बोलेको थियो। अन्तमा शैतानको भनाइमा अय्यूबले परमेश्वरको सेवा गर्न आफ्नो बन्धव्यापारमा भर पारेको छ। यदि अय्यूबको व्यापारको कारोबार असल छ तथा आम्दानी राम्रो छ भने मात्र उनी परमेश्वरको उपासक हुन्छन् यदि फाइदा भएन भने परमेश्वरलाई त्याग्छन् भन्ने निश्कर्षमा शैतान पुगेको थियो।**

तपाईंले आफ्नो जीवनलाई कोट्याउनुहोस्। तपाईं किन येशूको उपासक हुनुभयो वा उहाँको सेवा गर्नुहुन्छ? हुनसक्छ त्यसको जवाफ सिद्ध नहोला। तर त्यो सिद्ध जवाफ पाएपछि मात्र येशूलाई विश्वास गर्ने वातावरण बन्छ भनेर तपाईं पर्खेर बस्नुभयो भने तपाईंको आस्था के हुनेहोला वा तपाईंको जीवन नै कस्तो हुने होला? सोच्नुहोस्।

## २ छालाको बदला छालः युद्धको निरन्तरता (अय्यूब २:१-३)

**अय्यूब १:६-८मा जे भएको थियो त्यसैलाई केही हदमा अय्यूब २:१-३मा दोहोऱ्याएर अय्यूबको कथा सुरू हुन्छ। मूख्य भिन्नताचाहीँ अय्यूब २:३को अन्तिम अंशमा छ जहाँ परमेश्वर आफैले अय्यूबको उहाँप्रति बफादारिताको मुक्त कंठले प्रशंसा गर्नुहुन्छ। आफ्नो जीवनमा कतिपय नराम्रो आपत आएतापनि अय्यूबले परमेश्वरप्रति आफ्नो विश्वासको अडान कायमै राखेका थिए। त्यसकारण जब हामी अय्यूब २:३मा पुग्छौं तब अय्यूबप्रति शैतानले गरेका आरोपहरू मानौं झुठो ठहरिएको देखाउँछ। आफ्नो श्रीसम्पत्ति गुमाएपछि वा कंगाल भएपछि अय्यूबले परमेश्वरलाई सराप्छ भनेर शैतानले दावी गरेको थियो। तर जे भएतापनि अय्यूबमा भएको परमेश्वरप्रतिको भक्तिपनामा उनीमा अलिकतीपनि डगमगिएको थिएन।**

अय्यूब २मा रोचक प्रसङ्ग छ। दुवै अय्यूब १ र २मा परमेश्वर र शैतानको बीचमा भइरहेको कुराकानीमा "परमेश्वरका जनहरू वा छोराहरू" साक्षी बनेर उपस्थित भएका थिए भनेर बताउँछ। तर अय्यूब २मा थप जानकारी दिएको छ, त्यो के हो त? हेर्नुहोस्: "१ अर्को एक दिन स्वर्गदूतहरू परमप्रभुको सामुन्ने उपस्थित हुँदा शैतान पनि आफूलाई उहाँको अगाड़ि उपस्थित गराउन तिनीहरूसँगै गयो। २ अनि परमप्रभुले शैतानलाई सोध्नुभयो, “तिमी कहाँबाट आयौ?” त्यसले भन्यो, “पृथ्वीमा चारैतिर घुमफिर गर्दैआएको हुँ।” ३ तब परमप्रभुले शैतानलाई भन्नुभयो, “के तिमीले मेरो सेवक अय्यूबलाई याद गऱ्यौ? परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो

निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन। विनाकारण त्यसलाई नाश गर्नलाई तिमीले मलाई उस्कायौ। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।" ४ शैतानले परमप्रभुलाई जवाफ दियो, "चामको साटो चाम। आफ्नो ज्यान बचाउन मानिसले आफूसँग भएका सबै कुरा दिँदैन र? ५ आफ्नो हात पसारेर तिनको शरीरमा चोट पुऱ्याउनुहोस् अनि तिनले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्नेछन्।" ६ तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसो भए त्यो तिम्रो हातमा छ। तर त्यसको ज्यानचाहिँ छोड़िदेऊ।" ७ तब शैतान परमप्रभुको सामुन्नेबाट निस्क्यो। त्यसले अय्यूबको पैतालादेखि टाउकोसम्म कष्टप्रद खटिरा उब्जाइदियो। ८ खरानीमा बसेर कन्याउनलाई तिनले एउटा फुटेको माटोका भाँड़ाको टुक्रा लिए। ९ तिनकी पत्नीले तिनलाई भनिन्, "के तपाईं आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ? परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्।" १० अय्यूबले जवाफ दिए, "तिमी एक मूर्ख स्त्रीजस्तै कुरा गर्दछ्यौ। परमेश्वरबाट हामीले सुखचाहिँ ग्रहण गर्ने र दुःख ग्रहण नगर्ने?" यी सबै कुरामा आफूले बोलेको कुरामा अय्यूबले पाप गरेनन्। ११ अय्यूबका तीन जना मित्र, एलीपज तेमानी, बिल्दद शुही र सोपर नमातीले तिनीमाथि आइपरेका यी विपत्तिका कुरा सुनेपछि सहानुभूति प्रकट गर्न र तिनलाई ढाड़स दिन आफ्ना आफ्ना घरबाट सँगै मिलेर आए। १२ तिनीहरूले तिनलाई टाढ़ैबाट देखे, तर चिन्न सकेनन्। तिनीहरू चिच्च्याएर रोए, अनि आफ्ना लुगा च्यातेर आफ्ना शिरमा धूलो छरे। १३ तब तिनीहरू सात दिन सात रात भूइँमा तिनको छेउमा बसे। अनि तिनीहरूमध्ये कसैको मुखबाट एक शब्द पनि निस्केन, किनभने तिनीहरूले देखे उनको कष्ट कति ठूलो थियो।"

**"छालाको बदला छाला" भन्ने कहावत बिशेष किसिम हो जुन् बाइबलका विद्वानहरू त्यसको अर्थको बारेमा अलमल भएका छन्। स्पष्टरूपमा भन्नुपर्दा त्यसको मूल अर्थचाहीँ यो होः ल त व्यक्तिगत रूपमा अय्यूबलाई केही होस् त! परमेश्वरमा उनको बफादारीता कहाँ छ भनेर उनले प्रमाणित गर्नेछ। उनको शरीर र स्वास्थ्यमा हानी पुऱ्याइयोस् त तब के हुनेछ त्यो देखिनेछ।**

**यो पनि रोचक छ कि शैतानले अय्यूबको खिलाफमा गरेका आरोपहरू सार्वजनिक रूपमा प्रस्तुत गरिएको छ। स्वर्गका जीवहरू वा स्वर्गका दूतहरूको साम्मुनेमा शैतानले अय्यूबको भन्डाफोर गर्न चाहेको थियो। परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादको युद्धको विषय के थियो भनेर त्यस प्रसङ्गले हामीलाई स्पष्टरूपमा थाहा दिन्छ। सारा जगतले संसारको सृष्टिदेखि नै**

त्यो युद्ध निरन्तररूपमा तुल्ल परेर हेरिरहेको छ (१ कोरन्थी ४:९, दानिएल ७:१७ र प्रकाश १२:७-९)।

"मुक्तिको योजनामा मानिसलाई उद्धार गर्ने लक्ष्य भन्दा अत्यन्त गहिरो अर्थ लुकिएको छ। केवल मानिसलाई मुक्ति दिने लक्ष्य लिएर मात्र येशू यस संसारमा आउनुभएको थिएन। सारा जगतको सामु अत्यन्त सानो वा सुक्ष्म पृथ्वीमा भएका मानिसहरूले परमेश्वरका आज्ञाहरूको गरिमालाई आदर गरुन् भनेरमात्रै येशू आउनुभएको थिएन। तर सारा जगतको सामु परमेश्वरको आदरणीय नाउँ र चरित्रमाथि शैतानले ल्याएको आरोपलाई खण्डन गर्न उहाँ आउनुभएको थियो।...मानिसको मुक्तिको निम्ति येशू मर्नुभएकोले स्वर्ग मानिसको पहुँचमा हुनपुगेको थियो। मानिसको मुक्तिको निम्ति येशूलाई क्रुसमा टाँगिएको दृष्य सारा जगतले हेरिरहेको थियो। परमेश्वरको विरुद्धमा शैतानले गरेको आक्रमणको सामना गर्न जुन् कदम परमेश्वर र येशूले चाल्नुभएको थियो त्यो न्यायोचित थियो भनेर सारा जगतले हेर्नपाएको थियो। त्यसले परमेश्वरको व्यवस्था वा आज्ञाहरूको गरिमालाई सदाको निम्ति कायम भइरहेको देखाइएको थियो। त्यतिमात्र नभएर परमेश्वरको व्यवस्था वा नीतिलाई वेवास्ता गर्दा ल्याउने पापको भयङ्कर नतिजा कस्तो हुनेरहेछ भनेर स्वर्गदूत र सारा जगतका जीवहरूले हेर्नपाएका थिए।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ६८,६९बाट रूपान्तरित।

## ३ परमेश्वरको नाउँको जय होस् (अय्यूब १:२०-२२)

शैतानले अय्यूबलाई पहिलो आक्रमणपछि अरू भयानक कुराहरू बज्र जस्तै उनको थाप्लोमा पर्न आएको खबर उनले सुन्दछन्। आफ्ना सन्तान र श्रीसम्पत्ति सबै गुमाएतापनि अय्यूबले कस्तो प्रतिक्रिया जनाउँछन्? मूर्ख भएर उनले परमेश्वरलाई दोष दिएनन् न त पाप गरेन भनेर बाइबलमा उनको प्रशंसा गर्नुको अर्थ के हो? हेर्नुहोस्: "२० ती सबै सुनेपछि अय्यूब उभिए र शोकले आफ्नो वस्त्र च्याते। तिनले आफ्ना कपाल खौरे र भूइँमा घोप्टो परे। २१ उनले भने, "म आफ्नी आमाको गर्भबाट नाङ्गै आएँ र म नाङ्गै फर्केर जानेछु। परमप्रभुले दिनुभयो र परमप्रभुले लानुभयो, परमप्रभुको नाउँ धन्यको होस्!" २२ यी सबै भए पनि अय्यूबले परमेश्वरलाई दोष दिएर पाप गरेनन्।" (अय्यूब १:२०-२२)।

परमेश्वरको शासन व्यवस्थाको निति अत्यन्त महत्त्वपूर्ण छ। प्रत्येक प्राणीलाई दिएको विवेकको स्वतन्त्रता वा ठिक बेठिक चुन्ने अधिकारको आधारमा परमेश्वरको राज्य खडा भएको छ। हामीले हाम्रो हृदयदेखि प्रेमले उम्लिएर परमेश्वरको सेवा गरौं भन्ने उहाँको चाहना छ। करकापमा, भय र बलजफ्ति उहाँको सेवा वा उहाँलाई विश्वास गरुन् भन्ने उहाँको चाहना होइन। "स्वार्थमय कारणहरूले अभिप्रेरित भएर अय्यूबले परमेश्वरको सेवा गरेका थिए भनेर शैतानले परमेश्वरलाई आरोप लगाएको थियो।... सही धर्ममा परमेश्वरप्रति प्रेम र उहाँको चरित्रको सराहना गर्नु आवश्यक छैन भनेर शैतानले दावी गर्न प्रयास गरेको थियो। कोही मानिस सही धर्ममा लाग्छ भने प्रेमले अभिप्रेरित भएर नै लाग्छन् भन्ने कुरो मानिसहरूले थाहा पाउन भन्ने शैतानको चाहना थिएन। कुनै इनाम पाउन मानिसहरूले परमेश्वरको सेवा गरुन् किनभने उहाँको धर्ममा लाग्दामात्र उहाँले मानिसलाई जतन वा आफ्नो स्याहारमा राख्नुहुन्छ भन्ने शैतानको गलत दावी मानिसहरूको दिमागमा उसले घुसाइदिएको थियो। कोही मानिसले इमान्दारिताकासाथ परमेश्वरको सेवा गर्दा स्वर्गमा आनन्दको वाताववरण हुन्छ र प्रेम, स्नेह र भरोसा राख्न परमेश्वर योग्यको हुनुहुन्छ भन्ने भावना जगाएर उहाँप्रति निष्ठा राखेको हुँदैन बरू उहाँले के दिन्छ त्यसको लागि नै मानिसहरू उहाँको निष्ठामा लाग्छन् भन्ने शैतानको भ्रमपूर्ण दावी परमेश्वरको खिलाफमा जनमानसको बीचमा फैलाएका थिए।"-एसडिए बाइबल कमेन्टरी, ठेली ३, पृ. ५००बाट रूपान्तरित।

तर शैतानको दावी गलत थियो भनेर अय्यूबको पुस्तकले प्रमाणित गर्दछ। परमेश्वरलाई थाहा थियो अय्यूबको प्रतिक्रिया कस्तो हुनेथियो, यद्यपि परमेश्वरको चाहनालाई वेवास्ता गरि अय्यूबले स्वइच्छा अनुसार नै उहाँप्रति निष्ठामा अडिग हुनु आवश्यक थिएन। सर्वसाधारण मानिसहरूले जस्तै आफ्नो पतन परमेश्वरकै इच्छाबाट भएको हो भनेर उहाँप्रति आक्रोसित हुन अय्यूबले निर्णय गर्न सक्थे। परमेश्वरप्रति बफादार भएर बस्न वा उहाँको निष्ठामा अडिक भएर बस्ने उनको निर्णयमा परमेश्वरले आफ्नो बल प्रयोग गर्नुभएको थिएन। जेभएतापनि परमेश्वरप्रति निष्ठामा अडिग भएर बस्नु उनको अनुकरणीय उदाहरण सारा मानव जगत र स्वर्गका प्राणीहरूको सामु धरोहरको रूपमा खडा भएको थियो र भइनै रहनेछ।

अय्यूब १मा उनलाई के भयो त्यससँग उत्पत्ति ३:१-८मा दिएको आदम र हव्वा अनुभव तुलना गर्नुहोस्। त्यसको सामु आदम र हव्वाको पाप

कस्तो भयङ्कर थियो भनेर कसरी देखाउँछ? हेर्नुहोस् उत्पत्ति ३:१-८ "१ परमप्रभु परमेश्वरले बनाउनुभएका पशुहरूमध्ये साँप सबैभन्दा धूर्त थियो। साँपले स्त्रीलाई सोध्यो, "के परमेश्वरले तिमीहरूलाई बगैँचाका कुनै रूखको फल नखानू भन्नुभएको छ?" २-३ स्त्रीले उत्तर दिई, "बगैँचाका बीचमा भएको रूख छोडी अरू कुनै पनि रूखका फल हामी खान सक्छौं। परमेश्वरले त्यो रूखको फलचाहिँ नखानू र नछुनू पनि भन्नुभएको छ। हामीले त्यो खायौं भने हामी मर्नेछौं।" ४ साँपले जवाफ दियो, "त्यो कुरा साँचो होइन, तिमीहरू मर्नेछैनौ। ५ तिमीहरूले त्यसको फल खायौ भने परमेश्वरजस्तै हुनेछौ र असल र खराबको ज्ञान पाउनेछौ भनी उहाँले जान्नुहुन्छ र नै त्यसो भनेका हुन्।" ६ त्यो रूख हेर्नमा कति सुन्दर अनि त्यसका फल खानलाई कति रहरलाग्दा थिए, त्यो स्त्रीले देखिन्। ज्ञानी हुन पाए कति असल हुनेथियो, उनले सोचिन्। उनले केही फल टिपेर खाइन्, केही आफ्ना लोग्नेलाई दिइन् र उनले पनि त्यो खाए। ७ त्यो खाने बित्तिकै तिनीहरूले समझशक्ति पाए र आफू नाङ्गै रहेछौं भनी चाल पाए। यसकारण तिनीहरूले नेभाराको पात गाँसेर त्यसले आफ्ना शरीर ढाके। ८ त्यही बेलुका तिनीहरूले परमप्रभु परमेश्वर बगैँचामा डुलिरहनुभएको आवाज सुने र रूखका बीचमा उहाँका सामुदेखि लुके।"

अदन बँगैचाको **सिद्ध ठाउँमा आदम र हव्वा पापरहित थिए। तर शैतानले उनीहरूको जीवनमा हस्तक्षेप गरेपछि तिनीहरू पापमा फसे। अय्यूब असह्य पिडा तथा दुःखकष्टमा थिए। तर शैतानको आक्रमणको फन्दामा परेपनि उनी परमेश्वरप्रतिको निष्ठामा अडिगनै भएर बसे। दुवै मामिलामा (आदम र हव्वा र अय्यूब) स्वइच्छा वा विवेकको स्वतन्त्रताको विषयमा चलिरहेको वादविवादलाई अत्यन्त प्रभावकारीरूपमा प्रस्तुत गरेको हामीले पाउँछौं।**

पाप गर्न सजिलैसँग हामी पनि फस्दछौं भन्ने तर्क कतिको गलत र मूल्यहिन छ भनेर अय्यूबको प्रतिक्रियाले हामीलाई देखाउन खोजेको छ? सोच्नुहोस्।

## ४ अय्यूबको श्रीमती (अय्यूब २:३,९)

**जीवनमा कहिले अपेक्षा नगरेको नोक्सान सहनुपर्ने र आफ्ना श्रीसम्पती तथा परिवारका सदस्यहरू गुमाउनुपर्दा परेको भयङ्कर आघातको भूमरीमा मानिसको दिल कस्तो हुनेरहेछ भन्ने चर्चा गर्नुपर्दा अय्यूबको श्रीमतीलाई ज्वलन्त उदाहरणको रूपमा लिन सकिन्छ। अय्यूबको पुस्तकको सम्पूर्ण पृष्ठभूमिमा उनी**

केवल अय्यूब २:९,१०मामात्र देखापर्छिन्। त्यसपछि कथा र इतिहासबाट उनी अलप हुन्छिन्। उनको बारेमा हामीलाई अरू कुनै थप जानकारी दिइएको छैन। तर तिनीहरूको जीवनमा जे जति दुःखद घट्ना भयो त्यसले गर्दा त्यस बिचरि स्त्रीलाई चोट पऱ्यो त्यो हाम्रो निम्ति अकल्पनिय नै छ। अय्यूब प्रथम् अध्यायमा उल्लेखित अय्यूबको घरानामा जे ठूलो हानी भएको थियो त्यो हाम्रो संसारको वरिपरि भइरहेको ठूलो दुःखकष्टलाई प्रतिबिम्ब गरेको देखाउँछ। परमेश्वर र शैतानको बीचमा भइरहेको द्वन्दमा हामी कुनै न कुनै रूपमा समावेश भइरहेका छौं। यस संसारमा जन्मिने कुनै पनि मानव प्राणी त्यसबाट उम्किन पाउँदैन।

अय्यूब २:३सँग अय्यूब २:९ तुलना गर्नुहोस्। त्यसमा परमेश्वरले र अय्यूबको श्रीमतीले अय्यूबको निष्ठाको बारेमा बोलेका वचन झन्डै उस्तै उस्तै छन्। तर त्यो वचन कसरी प्रयोग भयो त्यसको अर्थले दिएको भिन्नभिन्नै जानकारी किन महत्त्वपूर्ण छ? हेर्नुहोस्ः अय्यूब २:३ "३ तब परमप्रभुले शैतानलाई भन्नुभयो, "के तिमीले मेरो दास अय्यूबलाई याद गऱ्यौ? परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन। विनाकारण त्यसलाई नाश गर्नलाई तिमीले मलाई उस्कायौ। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।" र अय्यूब २:९ "तिनकी पत्नीले तिनलाई भनिन्, "के तपाईं आफ्नो निष्ठामा अझै अड़ी नै रहनुहुन्छ परमेश्वरलाई सराप्नुहोस् र मर्नुहोस्।"

दुवै पदहरूमा अय्यूबको निष्ठा वा परमेश्वरप्रति भएको विश्वासको अडिगपनालाई वाख्या गर्न गरिएको शब्द कुनै संयोगले भएको थिएन। दुवै पदहरूमा प्रयोग गरिएको "सत्यनिष्ठा" भन्ने शब्दको जड एउटैबाट आएको हो। प्रायजसो त्यो शब्दलाई अनुवाद गर्दा "निर्दोष" भनेर गरिन्छ। "सिद्ध" र "सम्पूर्णता" भन्ने आभास् पनि त्यस शब्दले बुझाउँछ।

जुन् चरित्रलाई लिएर परमेश्वर आफैले अय्यूबको मुक्तकंठले प्रशंसा गर्नुभएको थियो, त्यही चरित्रलाई धक्का दिन अय्यूबको आफ्नै श्रीमतीले चुनौती दिएकी थिइन्। आफ्नै श्रीमतीले अय्यूबलाई चिन्न नसक्नु दुर्भाग्यपूर्ण थियो। आफूले पाइरहेको पिडा, दुःख तथा शोकले गर्दा जुन् कुरा अय्यूबले गर्दैन भनेर परमेश्वरलाई थाहा थियो त्यही गर्न अय्यूबको श्रीमतीले उनलाई धकेल्दै थियो। अय्यूबको श्रीमती कस्ती थिइन् भनेर न्याय गर्न वा राय दिन हामी सक्षम् नभएतापनि उनीबाट एक महत्त्वपूर्ण पाठ सिक्न जरुरी छः त्यो हो, अरूलाई

गलत बाटोमा लैजानबाट हामी सतर्क हुनुपर्छ। (येशूले भन्नुभएको थियो कि जुन मानिसले सानो बालकलाई गलत बाटोमा दोर्‍याउँछ त्यो मानिसको घाँटीमा जाँतो राखेर उसलाई समुद्रमा फ्यैंकिनु उचित हुनेछ-लूका १७:२ रूपान्तरित)।

अय्यूबले आफ्नो श्रीमतीको रिसलाई कसरी जवाफ दिए सो प्रत्येक विश्वासीको निम्ति प्रभावकारी गवाई वा परमेश्वरप्रति व्यक्त गर्ने प्रतिवद्धता भनेर किन आत्मसात् गर्नुपर्छ? हेर्नुहोस् "१० अय्यूबले जवाफ दिए, "तिमी मूर्ख कुरा गर्दछ्यौ, के हामीले परमेश्वरबाट असल कुरा मात्र थाप्ने र दुःखको कुरा नथाप्ने" जस्तै दुःख पाए पनि अय्यूबले परमेश्वरको विरुद्धमा केही बोलेनन्।" यहि सन्दर्भमा पावलले व्यक्त गरेको भावनालाई सम्झनु मनासिव देखिन्छ "११ म खाँचोमा भएँ भनेर यो मैले भनेको होइनँ कारण जे कुरा मसित छ, त्यसैमा सन्तोष मान्न मैले सिकेको छु। १२ खाँचो पर्दा पनि र प्रसस्त हुँदा पनि कसरी जीवन चलाउने, म जान्दछु। जुनसुकै समयमा पनि, अघाए पनि, भोकाए पनि, धेरैमा पनि, थोरैमा पनि मैले सन्तुष्ट भएर जिउन सिकेको छु। १३ म ख्रीष्टले दिनुभएको शक्तिले नै यी सबै कुरा गर्न सक्छु।" फिलिप्पीहरूलाई ४:११-१३।

परमेश्वरमाथि आफ्नो सत्यनिष्ठा बलियो र सत्य छ भनेर अय्यूबले देखाउँदछन्। चाहे सबै कुरा ठिक भएको समयमा होस् वा बेठिक वा प्रतिकूल बातावरणमा होस् अर्थात् असल र खराब समयमा परमेश्वरको सेवा गर्न आफू नहच्किने प्रतिवद्धता अय्यूबले व्यक्त गर्दछन्। अय्यूबलाई दुःख दिनसम्म दुःख दिएपछि शैतान अय्यूबको पुस्तकको बाँकि भागमा अलप हुन्छ र उसको बारेमा चर्चा गरिन्दैन। यो पनि घतलाग्दो छ। अय्यूबलाई जति दुःख दिएपनि परमेश्वरलाई नसराप्ने निति उनले लिँदा शैतानको प्रतिक्रिया कस्तो थियो भनेर उपरोक्त पदले बताउँदैन। तर आफ्नी श्रीमतीलाई अय्यूबले दिएको आफू निष्ठामा रहेको जवाफप्रति शैतान निराश भएको र उनप्रति रिस उठेको थियो भनेर हामीले कल्पना गर्नसक्छौं। आदम र हव्वादेखि आजसम्म धेरै मानिसहरूलाई धोका दिन र धोका दिइरहन सजिलैसँग सफलता प्राप्त गरेको र पाइरहेको शैतानले अय्यूबलाई हल्लाउन नसक्दा उनीप्रति झोंक चलेको थियो होला। "हामीहरूका भाईहरूलाई दोष दिइरहने व्यक्ति (शैतान)"ले (प्रकाश १२:१०) अय्यूबलाई छोडेर अर्कैलाई दोष दिन र छलमा पार्न अय्यूबको पुस्तकको बाँकि भागबाट अलप हुन वाध्य भएको हुनसक्छ।

असल समयमा होस् वा खराब समयमा होस्, परमेश्वरमा सत्यनिष्ठा अर्थात् विश्वासमा अडिग भएर बस्न हामी कसरी सिक्ने?

## ५ मारिएतापनि परमेश्वरमाथिको सत्यनिष्ठा नत्याग्ने (मत्ती ४:१-११)

अय्यूब १:२२मा यसो लेखिएको छः "२२ यी सबै कुरामा अय्यूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्।" अनि अय्यूब २:१०मा फेरि लेखिएको छः "अय्यूबमाथि सबै आपद आएतापनि उनले यस्तो केही बोलेनन् जुन् पापपूर्ण थियो।" (रूपान्तरित)। शैतानले आतङ्कित पार्ने आक्रमण निति लिएको दुवै मामिलाको बावजुदपनि परमेश्वरमाथि सत्यनिष्ठ भएर बस्ने अय्यूबले अठोट गरेका थिए। वचनबाट होस् वा कामबाट अय्यूबले पाप नगरेको दुवै पदहरूले औंल्याउँछन्।

अय्यूब पापी होइन भनेर दुवै पदहरूले भनेका छैनन्। त्यो कहिलै पनि भन्दैनन् किनभने बाइबलले भन्दछ कि हामी सबै जना पापी हौं। "यदि हामीले पाप गरेका छैनौं भन्यौं भने परमेश्वरलाई हामी झुठो बनाउँछौं। उहाँको वचन हामीहरूको जीवनमा हुनेछैन।" (१ यूहन्ना १:१० रूपान्तरित)। मानिस इमान्दारी भयो भन्दैमा वा जे ठिक छ सो गर्दैमा, वा परमेश्वरको आदर गर्दै खराब काम नगर्दैमा (अय्यूब १:१ रूपान्तरित) पापरहित बनिन्दैन। संसारमा जन्मेका प्रत्येक मानिस जस्तै अय्यूब पापमा जन्मेका थिए र उनलाई पनि मुक्तिदाताको आवश्यक परेको थियो।

अनेकौं दुःखद र भयाभव घट्नाहरू अय्यूबलाई भइरहेको थियो। तर त्यसको बाबजुद पनि परमेश्वरमाथिको विश्वासमा अडिग भएर बसे। त्यस परिप्रेक्ष्यमा हेर्ने हो भने केही हदसम्म अय्यूबले येशूको उदाहरणलाई सानै रूपमा भएतापनि प्रतिविम्ब गरेको देखिन्छ। येशू अत्यन्त भयानक कष्ट र प्रलोभनमा पर्नुभएको थियो। तर उहाँले हरेस खानुभएन। उहाँ पापमा फस्नु भएन। येशू आफैले पनि परमेश्वरको विरुद्धमा शैतानले लगाएको आरोपलाई खण्डन गर्न पुग्नुभएको थियो। हुन त येशूले जे गर्नुभयो त्यो अय्यूबको भन्दा महान्, ठूलो वा बृहत र बढि अर्थपूर्ण थियो। तर सरल तरिकाले दुवैको अनुभवलाई तुलना गर्दा दुवै शैतानको मारमा परेका थिए।

येशूले सामना गर्नुपरेको परिक्षा केही हदसम्म अय्यूबको पनि थियो भनेर मत्ती ४:१-११ले कसरी देखाउँछ? हेर्नुहोस्ः "१ तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। २ उहाँ

चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। ३ तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" ४ तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ'।" ५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड़ा गरायो, ६ र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" ७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तिमीले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।" ८ फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, ९ र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।" १० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तिमी दूर होइजाऊ! किनभने लेखिएको छ, 'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" ११ तब दियाबलस उहाँलाई छोड़ेर गयो र स्वर्गदूतहरूले आएर उहाँको सेवा-टहल गरे।"

**चालिस दिन र रातसम्म उपवास बस्नुभएको येशूको शरीर खाना नपाएर कमजोर र सिथिल भएको थियो। उपवासबाट निस्कनुभएको येशूको परिस्थिति भयावभ थियो। तर येशू मानिसकै अवतार भएतापनि (रोमी ८:३) शैतानको चाहनामा फस्नुभएन न त अय्यूबनै फसेका थिए। अय्यूबले परमेश्वरमाथिको निष्ठामा अडिग भएको देखेपछि अय्यूबको कथामा शैतान गायब हुन्छ। शैतानले येशूलाई अन्तिम जालोमा पार्न असफल भएपछि उसले येशूलाई छोडेर जान्छ भनेर बाइबलले भन्दछ (मत्ती ४:११ रूपान्तरित। याकूब ४:७ पनि पढ्नुहोस्)।**

**तर उजाड स्थान अर्थात् मरुभूमिमा येशूले जे सामना गर्नुभयो त्यो उहाँको जीवनमा केवल सुरुवातमात्र थियो। उहाँको चरम र वास्तविक परिक्षा क्रुसमा भोग्नुपरेको थियो। क्रुसमा भयानक दर्द भोग्नुपरेतापनि नमरुञ्जेल परमेश्वरमाथिको सत्यनिष्ठामा येशू अटल भएर बस्नुभएको थियो।**

मृत्यसम्म येशू आज्ञाकारि हुनुभएकोमा हामीलाई कस्तो आशा प्रदान गर्छ? हेर्नुहोस्, फिलिप्पी २:५-८। येशूको आज्ञाकारिताको जवाफमा हामी

कस्तो जीवन बिताउनुपर्छ भनेर उपरोक्त पदहरूले हामीलाई कस्तो आदर्श देखाउँछ? "५ तिमीहरूमा यस्तो मन होस्, जो ख्रीष्ट येशूमा पनि थियो। ६ परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। ७ तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। ८ स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।"

**उपसंहारः**

थप जानकारीः **हिब्रू भाषामा लेखिएको अय्यूबको पुस्तक पढ्ने बिद्यार्थीहरूले श्राप भन्ने शब्दको अर्थलाई धेरै रोचक तरिकाले हेरेका छन्। हिब्रू भाषाबाट अनुवाद गरिएका श्राप भन्ने शब्द जस्तै "परमेश्वरलाई श्राप र मर" (अय्यूब २:९ रूपान्तरित) भनेर अय्यूबको श्रीमतीले व्यक्त गरेका, अय्यूब १:५मा "मेरा छोराहरूले पाप गरे होलान् र तिनीहरूको हृदयहरूमा परमेश्वरलाई श्राप दिए होलान्" भनेर चिन्तित भएका अय्यूबको भावना (अय्यूब १:५), र शैतानले परमेश्वरलाई चुनौति दिएको "तर तपाईंले आफ्नो हात पसारेर अय्यूबसँग जे छ त्यसलाई छोएर नाश गर्नुहोस् त! उनले तपाईंको मुखैको सामु तपाईंलाई श्राप दिनेछ" (अय्यूब १:११) अनुबाद गहिरिएर ती विद्यार्थीहरूले हेरेका थिए। प्रत्येक समय श्राप भन्ने शब्दलाई अनुवाद गरिन्दा त्यसको अर्थ आशिष भन्ने शब्दबाट आएको देखाउँछ। शब्दको जरा brk (ब्रक) बाइबलभरि प्रयोग गरिएको छ। आशिषलाई जनाउन त्यस शब्द प्रयोग गरिन्छ। उत्पत्ति १:२२मा परमेश्वरले उहाँका मानव र अरू जीवितजिवातहरूलाई सृष्टि गर्दा आशिष दिनुभएको थियो भनेर जनाउन त्यही जरा ब्रक शब्द प्रयोग गर्नुभएको थियो। "ओ परमेश्वरका तिमी जनहरू उहाँलाई आशिष देऊ!"( यशैया ६६:८)मा प्रयोग गरिएको शब्द पनि त्यही हो।**

**त्यसकारण "आशिष" भन्ने शब्दलाई "श्राप" भनेर उपरोक्त पदहरूमा किन अनुवाद गरिएको छ त? तर अय्यूबको पुस्तकमा उपरोक्त पदहरूमा श्रापको सट्टा "आशिष" भनेर प्रयोग गरियो भने त्यसको अर्थ केहि हुँदैन। यदि अय्यूबका छोराहरूले तिनीहरूको हृदयमा परमेश्वरलाई आशिष दिएका थिए भने अय्यूबले तिनीहरूको निम्ति बलि चढाएर परमेश्वरको किन उपासना गर्नुपर्थ्यो? कथाको सन्दर्भमा त्यही आशिष भन्ने शब्दको अर्कै रूपमा प्रयोग गर्न आवश्यक**

थियो जुन् अय्यूब १:११ र अय्यूब २:५मा प्रयोग गरिएको छ। यदि नराम्रो कुरा अय्यूबलाई भयो भने परमेश्वरलाई अय्यूबले आशिष दिन्छन् भनेर शैतानले किन सोच्थ्यो होला? तर कथाको अनसार आशिषको सट्टा श्राप भन्ने शब्द प्रयोग गर्न आवश्यकता थियो। फेरि यदि अय्यूबको श्रीमतीले परमेश्वरलाई आशिष देऊ भनेकी छि भने अय्यूबले उनलाई किन गालि गर्नुपर्थ्यो र? त्यसकारण कथाको परिवेशमा आशिषको सट्टा श्राप भनेर अनुवाद गरिन्छ भने त्यसको कथा अर्थपूर्ण हुन्छ।

तर चलन चल्तीमा आएको श्राप भन्ने शब्द नै किन अय्यूबको लेखकले लेखेनन् त? बाइबलका विद्वानहरूले बाइबलमा आशिष भन्ने शब्द अतिरञ्जित तरिकाले प्रयोग गरेको देखिएका छन् अर्थात् रूखो तथा नरमाइलो शब्द प्रयोग गरेर चित्त दुखाउनुको सट्टा नरम भाषा प्रयोग गरेर सम्बोधन गरिएका थिए। त्यस पुस्तकका लेखक (मोशा)लाई श्रापको सट्टा आशिष भनेर प्रयोग गरियो भने उनलाई नरमाइलो र असजिलो लागेको थियो। (त्यही कुरा १ राजा २१:१०,१३मा पनि परमेश्वरलाई सराप्ने शब्द आशिषको सट्टा ब्रकलाई प्रयोग गरिएको छ)। त्यसकारण मोशाले चलनचल्तीमा आएको श्रापलाई प्रयोग गर्नुको सट्टा ब्रक वा आशिष भन्ने शब्द प्रयोग गरे पनि त्यसको अर्थ श्राप भन्ने जनाउँछ।

**चिन्तनमनन:**

अ दु:ख तथा बिपदमा परमेश्वरको अस्तित्व र उहाँको चरित्रलाई आरोप गर्ने मानिसको निति किन स्वभाविक मानिन्छ? हामी पट्टर र चिसो मुटु भएका पापै पापले भरिएको संसारमा छौं। परमेश्वर र शैतानको बीचमा भइरहेको युद्धको यथार्थता जान्न संसारमा रहन्दा नै थाहा थाहा पाउँछौं। त्यसकारण हामीहरूको जीवनको प्रत्येक पलमा क्रूसलाई किन अगाडि राखेर सम्झिरहनु आवश्यकता छ?

आ अय्यूबको कथाको पृष्ठभूमिमा के भइरहेको छ सो हामीलाई थाहा छ। तर अय्यूबलाई थाहा थिएन। उनलाई र उनको परिवार भयङ्कर यातनाको शिकार भएकोमात्र उनलाई थाहा

थियो। ती आततायी घट्नाहरूको ठूलो चित्र उनलाई थाहा थिएन। त्यसकारण दुःखकष्ट पर्दा हामीलाई थाहा नभएको ठूलो चित्रलाई सम्झिनु किन आवश्यक छ? त्यस परिप्रेक्ष्यमा कतिपय समयमा हामीलाई किन आपद भयो भनेर बुझ्ने क्षमता हुँदैन। हामीहरूको दुःखकष्टको पर्दापछाडि शैतानको चलखेल छ भनेर सोच्नु किन आवश्यक छ?